**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २९६**

**पुनरावेदन नं. ०७७-RB-०१०३**

**<u>मुद्दाः– मुल्य अभिबृद्धि कर (२०७३/०७४) ।</u>**

| | |
|---|---|
| बारा जिल्ला लिपनीमाल गा.वि.स. वडा न. ८ स्थित चुरियामाई तेल उद्योग प्रा.लि.(स्थायी लेखा नं.१०७०५८६४३) को तर्फबाट प्रोपाईटर नयनतारा रुंगटा....................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| आन्तरिक राजस्व  कार्यालय, सिमरा...........................................................१<br>महानिर्देशक, आन्तरीक राजस्व विभाग काठमाण्डौ..........................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री तुलसी प्रसाद चौलागाई

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०३/२०

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७/०३/११

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६/०३/२० मा भएको निर्णय उपर करदाताले प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिन भित्र निर्णय नगरेको भनी मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ३१क. को उपदफा (५) बमोजिम विभागलाई सुचना दिई यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता चुरियामाई तेल उद्योग प्रा.लि.(स्थायी लेखा नम्बर १०७०५८६४३) को आर्थिक वर्ष २०७३/०७४ को मू.अ.कर तर्फ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर तथा जरिवाना गणना गरी जम्मा रू.१७,१०,४९९।— कर निर्धारण गर्नुपर्ने आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण आदेशगर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।१७ मा सूचना जारी गरेको।

२. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।१७ मा जारी भएको सूचना करदाता चुरियामाई तेल उद्योग प्रा. लि. ले उक्त सूचना मिति २०७६।०३।१७ मा बुझिलिई सोको जवाफ मिति २०७६।०३।२० मा पेश गरेको।

३. करदाता स्वयमले ५२६२५०० के.जि. भटमास खपतबाट उत्पादन हुने पिना बिक्रीमा मुल्य अभिबृद्धिकर नलाग्ने तर तेलको बिक्रीमा मुल्य अभिबृद्धि कर लाग्ने भएको हुँदा घटी उत्पादन देखाएको ५२६२५ के.जि. तेलको प्रति के.जि. रु.१००।- को दरले बिक्री भएको मानी हुन आउने रकम रु.५२६२५००।- को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु.६८४१२५।- लाई मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१) (ख) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९ (२) (ख) बमोजिम शत प्रतिशत जरिवाना, दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिम व्याज असुल गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।२० मा जारी भएको निर्णय पर्चा।

४. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।२० मा भएको आ.व. २०७३/०७४ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री चुरियामाई तेल उद्योग प्रा. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०४।१९ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

५. प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७६।०४।१९ मा दिएको निवेदन ६० दिन भित्र निर्णय नगरेकोले प्रस्तुत पुनरावेदन दिन आएको छु। मेशिनरी गडबडी, लोड सेडिङ्, कच्चा पदार्थको गुणस्तर आदी जस्ता कारणले उद्योग विभागले तोकेको मापदण्ड अनुसार भटमासको तेल र पीना उत्पादनमा फरक पर्न सक्ने हुँदाहुदै उक्त मापदण्ड अनुसार भटमासको तेल र पीनाको उत्पादन देखाइ मुल्य कायम गरी सोको आधारमा गरिएको मुल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेत असुल उपर गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत बेहोराको करदाता चुरियामाई तेल उद्योग प्रा. लि. ले मिति २०७६/०८/०५ मा यस न्याधिकरणमा गरेको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।०५।११ को यस न्यायाधिकरणबाट भएको आदेश।

**<u>ठहर खण्ड</u>**

७. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री चुरियामाई तेल उद्योग प्रा.लि.का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री रमणकुमार कर्णले चुरियामाई तेल उद्योग प्रा.लि.का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री रमणकुमार कर्णले मेशिनरी गडबडी, लोड सेडिङ्, कच्चा पदार्थको गुणस्तर आदी जस्ता कारणले उद्योग विभागको मापदण्ड अनुसार भटमासको तेल र पीना उत्पादनमा फरक पर्न सक्ने हुँदा उक्त मापदण्ड अनुसार भटमासको तेल र पीनाको उत्पादन देखाइ मुल्य कायम गरी सोको आधारमा आन्तरिक राजस्व कार्यालय सिमराबाट गरिएको मुल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेत असुल उपर गर्ने गरी गरेको अन्तिम कर निर्धारण आदेश बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

८. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय सिमराबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ,

छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१०. अव पुनरावेदक करदाताको पुनरावेदन पत्र हेर्दा, करदाताले आ.ब. २०७३।०७४ को मुल्य अभिबृद्धि कर सम्बन्धी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा दिएको निवेदनमा ६० दिनभित्र निर्णय गरी सुचना नदिएको कारणबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ११५ को उपदफा (८) बमोजिम प्रस्तुत पुनरावेदन गरेको देखिन्छ। सोही आ.ब. को मुल्य अभिबृद्धि कर सम्बन्धी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको अन्तिम कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा दिएको निवेदनमा मिति २०७७।०३।११ मा आन्तरिक राजस्व विभागबाट निर्णय भएकोमा सो निर्णय उपर दिएको उक्त ०७७-RB-०२१९ को मुद्दामा यस न्यायाधिकरणबाट आज यसै इजलासबाट शुरु निर्णय बदर भई पुनःअन्तिम कर निर्धारण गर्नु भनी फाइल शुरु आन्तरिक राजस्व कार्यालय, सिमरामा पठाउने गरी फैसला भईसकेकोले प्रस्तुत मुद्दामा केही वोलिरहनुपर्ने अबस्था देखिएन।

११. **तसर्थ माथि विवेचित आधार र कारणबाट यीनै करदाताले दायर गरेको यही आ.ब. २०७३।०७४ को मुल्य अभिबृद्धि कर मुद्दा आज यसै इजलासबाट प्रत्यर्थी कार्यालयहरुको निर्णय बदर भई पुनःअन्तिम कर निर्धारण गर्न शुरुमा पठाउने ठहरी ०७७-RB-०२१९ को मुद्दामा फैसला भएकोले सोही आधारमा पुनःनिर्णय हुने नै हुँदा यसमा थप बोलिरहनु परेन। यो पुनरावेदनको लगत कट्टा गरिदिनु। अरुमा तपसिल बमोजिम गर्नू ।**

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपि सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. प्रस्तुत फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विधुतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इति सम्बत २०७९ साल चैत्र २६ गते रोज १ शुभम......................
प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप